# Postwar history of Japan (Politics)

# जापानको युद्धोत्तर इतिहास (राजनीति)

## 1. Democracy in Japan

## १. जापानमा प्रजातन्त्र

After Japan was defeated by the United States and other countries in World War II, 1945, the democratic political system, which became the framework for the present-day politics of Japan, was established at the initiative of the General Headquarters (GHQ) in order to prevent Japan from being a party to war in the future. The prewar public officials who were in influential positions were dismissed, and militarism was abolished.

सन् १९४५ दोस्रो विश्वयुद्ध अमेरिका र अन्य देशहरूद्वारा जापान पराजित भएपछि, भविष्यमा हुन सक्ने कुनै पनि युद्धमा सम्भागी बन्नुबाट जापानलाई जोगाउने क्रममा 'जेनरल हेडक्वार्टर्स'-को पहलमा जापानको वर्त्तमान राजनीतिको निम्ति रूपरेखा बनेको प्रजातान्त्रिक राजनैतिक-प्रणाली स्थापित भएको थियो । युद्धपूर्व प्रभावकारी ओहदामा रहेका सरकारी अधिकारीहरूलाई जागिरमुक्त गराइएको थियो तथा सैन्यतन्त्र समाप्त पारिएको थियो ।

(1) Promulgation of the Constitution of Japan (politics under the rule of law) [Promulgated on November 3, 1946, and came into force on May 3, 1947]

(१) जापानको संविधान (विधि व्यवस्था अधीनस्थ राजनीति) – को घोषणा [नोभेम्बर ३, १९४६ मा घोषित तथा मे ३, १९४७ देखि लागु]

The draft of the Constitution of Japan was formulated by the GHQ and came into effect according to the amendment procedures prescribed by the Constitution of the Empire of Japan.

जापानको संविधानको मसौदा 'जेनरल हेडक्वार्टर्स' द्वारा नै तयार पारिएको थियो तथा जापानी साम्राज्यको संविधानद्वारा तोकिएका संशोधनीय प्रक्रियाहरू बमोजिम लागु भएको थियो ।

i) Popular sovereignty

i) जनताको प्रभुसत्ता

Popular sovereignty means that the ultimate decision-making authority resides with the people. The Constitution of Japan prescribes that the

Emperor is “the symbol of the state and of the unity of the people,” and provides that he should not participate in any government decisions.
जनताको प्रभुसत्ताको अर्थ, आखिरी निर्णयकारी अधिकार जनताकै हातमा रहनु हो । जापानको संविधानमा तोकिए सरह सम्राट ”शान-शौकतको तथा जनतामा एकताको प्रतीक” हुन्, औ यसले सम्राटलाईकुनै पनि सरकारी निर्णयहरूमा सहभागी नहुने प्रावधान दिएको छ ।

(cf. The Constitution of the Empire of Japan prescribed that sovereign power resided with the emperor.)
(तुलना : जापानी साम्राज्यको संविधान बमोजिम नागरिकहरूका अधिकारहरू ऐनद्वारा सीमित पारिएको थियो ।)

ii) Respect for basic human rights
ii) मूलभूत मानवाधिकार प्रति सम्मान

The Constitution of Japan granted all the people basic human rights, including freedom of speech, thought, press, assembly, and association in addition to the right to life, the right to education, and the three principal labor rights (the right to organize, bargain, and strike). At the same time, the Constitution of Japan stipulates the obligation to enable children to receive education, the obligation to work, and the obligation to pay taxes. This Constitution is the first to give women political suffrage.
जापानको संविधानले सबलाई – बोल्ने, सोँच्ने, छाप्ने, भेला हुने र संघ-संस्था बनाउने स्वतन्त्रताका साथै जीउने अधिकार, शिक्षाको अधिकार र तीन प्रमुख श्रम अधिकारहरू (संगठित हुने, सौदाबाजी गर्ने र हड़ताल गर्ने अधिकारहरू) लगायत मूलभूत मानवाधिकारहरू प्रदान गरेको छ । यसका साथै जापानको संविधानमा बच्चाहरूलाई शिक्षा प्राप्त गर्न समर्थ तुल्याउने दायित्व, काम गर्ने दायित्व तथा करहरू तिर्ने दायित्व सुनिश्चित गरिएको छ । यो संविधान, महिलाहरूलाई राजनैतिक मताधिकार प्रदान गर्ने पहिलो संविधान हो ।

(cf. According to the Constitution of the Empire of Japan, citizens’ rights were limited by laws.)
(तुलना : जापानी साम्राज्यको संविधान बमोजिम नागरिकहरूका अधिकारहरू ऐनद्वारा सीमित पारिएको थियो ।)

iii) Renunciation of war

iii) युद्ध परित्याग

The Constitution of Japan prescribed that war should not be adopted as a means of settling international disputes, and armed forces will never be maintained.

जापानको संविधान अनुसार अन्तर्राष्ट्रीय विवादहरूको समाधानका उपायको रूपमा युद्धलाई अपनाउनु हुँदैन अनि सशस्त्र सैनिकहरू कहिल्यै पालिने छैन ।

- Self-Defense Forces -
- आत्मरक्षा बल -

As international affairs evolved, the Japanese government established the National Police Reserve in 1950 to create a national defense force that was not to be used for military offensives against other countries. It was renamed the Self-Defense Forces in 1954. In 2002 the total number of members of the Ground, Maritime, and Air Self-Defense Forces reached approximately 240,000. The defense budget is about 5 trillion yen, which accounts for 6 percent of the general account budget. Recently members of the Self-Defense Forces have been dispatched to foreign countries in order to contribute to the UN peacekeeping operations and humanitarian relief operations.

अन्तर्राष्ट्रीय मामिलाहरू सम्बद्ध भएको हुँदा, जापान सरकारले एउटा राष्ट्रीय रक्षा बलको सिर्जना निम्ति सन् १९५० मा "नेशनल पुलिस रिजर्भ" - को स्थापना गरेको थियो जुन बललाई अन्य देश विरूद्ध सैन्य आक्रमणको लागि व्यवहार नगरिने प्रावधान राखियो । सन् १९५४ मा त्यसको पुनरनामाकरण गरी नाउँ राखियो 'आत्म-रक्षा बल' । सन् २००२ मा भूमि, समुद्र र आकाश गरी आत्म-रक्षा बलका सदस्यहरूका मोठ पुग-नपुग संख्या २४०,००० थियो । रक्षा बजेट लगभग ५ ट्रिलियन वा खरब येन् छ जो आम बजेटको ६ प्रतिशत हुन्छ । आत्म-रक्षा बलका सदस्यहरूलाई हालै, राष्ट्रसंघीय शान्तिस्थापक अभियानहरू तथा मानवीय राहत अभियानहरूमा योगदान पुर्याउन विदेशी मुलुकहरूमा पठाइएको छ ।